# महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## खलँगा, दार्चुला
## सुदुरपश्चिम प्रदेश नेपाल

फोन न ०९३-४२०१३७
फ्याक्स नं.०९३-४२०१३७
mahakalimundarchula.gov.np
Email:mmdarchula@gmail.com


प.स.२०७६/०७७ पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

च.न.

**महाकाली नगरपालिका दार्चुलाका विभिन्न खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्न शिबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०७६।०४।१२**

यस महाकाली नगरपालीकाको महाकाली नदी, लास्कु, निजाङ्गगाड, धौलिगाड किम्तडी खोला, थालिगाड, काँकडी खोला हरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयाँर गर्नु पर्ने हुदाँ इजाजत प्राप्त फर्महरुबाट निम्न अनुसारको शर्तहरुको अधिनमा रही रीतपुर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

शर्तहरु :-

१. दरभाउपत्र फाराम दस्तूर रु. १०००।०० (एक हजार रुपैया मात्र) तिरी नवीकरण भएको ईजाजत पत्र, कम्तिमा आ.व.२०७४।०७५ को कर चुक्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र वा मुल्यबृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलीपि सहित यो सुचना प्रथम पटक प्रकासित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र यस महाकाली नगरपालिका कार्यालय दार्चुलाबाट खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र प्रथम पटक सुचना प्रकाशन भएको मितिले १६औं दिनको ठिक १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ ।

४. दरभाउपत्र सोहि दिन (१६औं दिन) को ठिक २:०० (दुई) बजे प्रतिनीधिहरुको रहोबरमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाताको प्रतिनीधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा परे लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा सो कार्य हुनेछ ।

६. यस कार्यालयबाट प्रमाणित नगरी बिकी भएका, म्याद नाघी आएका वा रीत नपुगेका दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन ।

७. दरभाउपत्रमा सम्बन्धित व्यक्ति वा फर्मको आधिकारिक सही छाप भएको हुनु पर्नेछ ।

८. सिलबन्दी दरभाउपत्र साँथ जमानत वाफतको २.५% रकम राष्ट्रिय बाणिज्य बैंक दार्चुलाको धरौटी खाता नं. ४०९०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

९. दरभाउपत्रमा आफुले कबूल गरेको दररेट अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । फरक पर्न गएमा अक्षरमा उल्लेख गरेको दरलाई मान्यता दिइनेछ ।

१०. वातावरणीय परीक्षणका लागि दरभाउपत्र साँथ वातावरणीय परीक्षण कार्य गर्न अयोग्य नभएको, स्वार्थ नबाझिएको र सम्वन्धित कसूरमा सजाय नपाएको भन्ने स्वघोषणा गरेको कागजात पेश गर्नु पर्नेछ ।

११. दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित ऐन कानुन बमोजिम हुने छन । अन्य थप जानकारी लिन चाहेमा यस कार्यालयमा, कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

तपसिल

| प्याकेज नं. | कामको विवरण | लागत अनुमान (१३% भ्याट सहित) | दरभाउपत्र दस्तूर | धरौटी रकम रु. | ग्राह्य दरभाउपत्र दाता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महाकाली नदीको IEE प्रतिवेदन तयार गर्ने । | ६,५१,७०४।९० | १०००।०० | १६,३००।०० | IEE अध्ययन तथा प्रतिवेदन लेखन क्षेत्रमा आधारभुत अनुभव भएको । | |
| २ | निजाङ्गगाड, लास्कु गाड, धौलिगाड किम्तडी खोला, थालिगाड तथा काँकडिखोलाहरु को IEE प्रतिवेदन तयार गर्ने । | १०,१९,८८१।५० | १०००।०० | २५,५००।०० | | |

...................

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

वोद्यार्थ

श्री सुचना प्रविधि शाखा, कार्यालयको website मा राख्न हुन ।